नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं।

फोन नं: ०१-४२००५११

प सं: २०७७/०७८

च नं: ३२०

मितिः २०७७।०७।२३

श्री गाउँपालिका, (संलग्न सबै)

(भोटेखोला, सखुवासभा, मेन्छयायेम, तेह्रथुम, छिन्नमस्त, राजगढ र महादेवा, सप्तरी, अर्नमा, औरही, नवराजपुर र लक्ष्मीपुर पतारी, सिराहा, धनौजी, धनुषा, साम्सी, महोत्तरी, यमुनामाई, रौतहट, जगरनाथपुर, पकाहा मैनपुर, सखुवा प्रसौनी, ठोरी र जिराभवानी, पर्सा, लिखु तामाकोशी, रामेछाप र आमाछोदिङमो, रसुवा)

श्री नगरपालिका (संलग्न सबै)

(सप्तकोशी, कल्याणपुर र मिर्चैया, सिराहा, गढेशमान चारनाथ, कमला र मिथिला विहारी, धनुषा, गरुडा, राजदेवी ईशनाथ, कटहरीया, देवाही गोनाही, परोहा, फतुवा विजयपुर, बौधीमाई र वृन्दावन, रौतहट सिम्रौनगढ, बारा, पोखरिया, पर्सा र बढीगंगा बजुरा)

विषयः खुलाई पठाउने सम्बन्धमा।

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा 'उपाध्यक्ष, उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले आगामी आर्थिक वर्षको राजश्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गतेभित्र सभामा पेश गर्नु पर्ने, सभामा पेश गर्दा वार्षिक राजश्व र व्ययमा गत आर्थिक वर्षको राजस्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनु पर्ने, बजेटमाथि कार्यतालिका बनाई पन्ध्र दिनभित्र छलफलको काम सम्पन्न गरिसक्नु पर्ने र पेश भएको बजेट असार मसान्तभित्र पारित गरिसक्नु पर्ने' व्यवस्था रहेको छ। त्यसैगरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ मा राजस्व र व्ययको अनुमान पेश गर्नु पर्ने व्यवस्था अन्तर्गत उपदफा (३) मा 'गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको दश गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगर सभामा पेश गर्नु पर्नेछ' व्यवस्था रहेको छ।

मन्त्रालयवाट विभिन्न समयमा स्थानीय तहको कार्यसम्पादन विषयमा स्थानीय तहका साझा संगठनहरुसँग अन्तरक्रिया तथा छलफल गर्ने गरेको छ। यसै विषयमा मिति २०७७/०७/२० गते गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल नगरपालिका संघ तथा जिल्ला समन्वय समिति महासंघसँगको बैठकमा समेत कानूनले तोकेको समयमा सभा गर्न नसक्ने स्थानीय तहवाट के कति कारणले सभा गर्न नसकिएको हो सोधनी गर्ने र सो कारण माथी समिक्षा गर्ने निर्णय भएको छ। सभावाट स्वीकृत नगरी कुनै आम्दानी र खर्च गर्न नपाइने तथा कानूनले तोकिएको बिधिको पालना नगरी आय तथा व्यय गरेमा कानून विपरित हुने व्यहोरा अवगतै छ। साथै अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२मा आवधिक विवरण पेश गर्नु पर्ने व्यवस्था बमोजिम

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)


सिंहदरबार, काठमाडौं ।

फोन नं: ०१-४२००५११


प सं:

च नं:

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

तोकिएको समयमा विवरण प्राप्त नभएमा नेपाल सरकारले स्थानीय तहलाई प्राप्त हुने अनुदान रोक्न सक्ने समेत व्यवस्था रहेको छ।

प्रस्तुत सन्दर्भमा, मन्त्रालयको अनलाईन प्रतिवेदन प्रणालीमा हालसम्म पनि त्यस गाउँपालिका /नगरपालिकाको सभामा वजेट प्रस्तुत भई स्वीकृत भएको विवरण प्राप्त नभएकोले उपर्युक्त कानूनी व्यवस्थाको पालना के र कति कारणले नभएको हो सो खुलाई पठाउनु हुन तथा अबिलम्व सभावाट वजेट तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउनु हुन निर्णय अनुसार अनुरोध छ।

..................

(बसन्त अधिकारी)

सहसचिव

<u>बोधार्थ</u>

श्री सूचना तथा प्रबिधि शाखाः पत्र Website मा राख्ने व्यवस्था हुन।

श्री जिल्ला समन्वय समिति महासंघ, ललितपुर

श्री नेपाल नगरपालिका संघ, काठमाडौं

श्री गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल, काठमाडौं